प्रशासकीय अदालत

सिंहदरबार, काठमाडौं

फ्याक्स : ४२११८५६
फोन: ४२११८५६
४२११५९७

पत्र संख्या:-

चलानी नं.:-

मिति:-
२०८२।१२।२५

प्रशासकीय अदालत, सिंहदरबार प्रवेश सहजीकरण सम्बन्धी मिति २०८२।१२।२४ को सूचनाका सम्बन्धमा

यस अदालतबाट मिति २०८२।१२।२४ मा प्रकाशित सूचनाप्रति नेपाल बार एशोसिएशन लगायतका बार इकाइ, विद्वान कानून व्यवसायी एवं सरोकारवाला सबैको ध्यानाकर्षण भएकोले उक्त सूचनाको अभिप्रायका सम्बन्धमा स्पष्टता होस् भन्ने उद्देश्यका साथ यो सूचना प्रकाशन गरिएको छ।

प्रशासकीय अदालतमा दैनिक ५ (पाँच) वटा भन्दा बढी मुद्दाहरुको नियमित सुनुवाई भइरहने र त्यत्ति नै संख्यामा मुद्दा दर्ता समेत भइरहेको विद्यमान अवस्थामा यस अदालतमा कानून व्यवसायी, मुद्दाका पक्ष र सरोकारवाला अन्य सेवाग्राहीहरुको नियमित आवागमन भइरहेको सर्वविदितै छ। यसैवीच, यस अदालतमा मुद्दाको वहस पैरवी, मुद्दा दर्ता लगायतका अन्य सेवा प्राप्त गर्न कानून व्यवसायी र सेवाग्राहीलाई प्रवेशमा असहज भएको भनी विभिन्न कानून व्यवसायीहरुवाट अदालतमा जानकारी प्राप्त हुन आएको स्थितिमा यस अदालतमा आउनु हुने सेवाग्राही एवं वहस पैरवी लगायत अन्य विविध कार्यका सन्दर्भमा आउनुहुने कानून व्यवसायीहरुलाई कुनै असहज नहोस् र अदालतको कामकारवाहीका लागि प्रवेश गर्दा अवरोध नहोस् भन्ने सदाशयताका साथ प्रवेश सुविधाका लागि तत्काल गर्नुपर्ने न्यूनतम व्यवस्थापन सहजीकरणका रुपमा उक्त मिति २०८२।१२।२४ को सूचना प्रकाशन गरिएको हो।

अदालतको अभिन्न अङ्गका रुपमा रहने विद्वान कानून व्यवसायीहरुलाई अदालत प्रवेशका लागि सहजीकरण गर्दै पक्षको प्रतिनिधित्वका लागि अदालत आउन, सेवा प्राप्त गर्न र न्याय सम्पादनमा उचित प्रतिनिधित्व हुन सकोस् भन्ने सदनियतका साथ नै विद्वान कानून व्यवसायीहरुले तत्काल महशुस गर्नुभएको असहजतामा सहजीकरण र समन्वय गर्ने सम्मको प्रयोजनका लागि उक्त सूचना प्रवाह गरिएको बेहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

(सरोजराज रेग्मी)
रजिष्ट्रार

CamScanner